Protect Your Child from Lead in Remedies

Remedies, including traditional, alternative, natural or herbal medicines, can contain lead that can harm your child.

- Lead can get into remedies during the creation or packaging process.
- Plants used in remedies can also contain lead from the soil.
- You cannot tell by looking at or tasting a remedy if it has lead in it.

Common Remedies that contain Lead

Greta and Azarcon: powders used in Latino cultures for stomach issues

Kohl and Surma: powders used in South Asian and Middle Eastern cultures as a cosmetic or on the navel to treat skin infections

Pay-loo-ah: powder used in Southeast Asian cultures to treat children with rash or high fever

Lead can hurt your child. Most children who are poisoned by lead do not look or act sick. The only way to know if your child has lead poisoning is to get a blood test for lead. Ask your child's doctor for a blood lead test.

For more information, visit:
go.cdph.ca.gov/LeadFreeKids

March 2025 • © 2025, California Department of Public Health

CDPH
California Department of Public Health

उपचार सामग्रीहरुमा रहेको सिसाबाट आफ्नो बच्चालाई सुरक्षित राख्नुहोस्

परम्परागत, वैकल्पिक, प्राकृतिक वा जडीबुटी उपचार तथा औषधिहरुमा सिसा हुन सक्छ जसले तपाईको बच्चालाई हानि पुर्‍याउन सक्छ।

- उपचार सामग्री तयार गर्ने वा प्याकेजिङ गर्ने प्रक्रियामा सिसा मिसिन सक्छ।
- उपचारमा प्रयोग हुने बोटबिरुवाहरुमा पनि माटोबाट सिसा समावेश हुन सक्छ।
- कुनै उपचार तथा औषधिमा सिसा छ कि छैन भन्ने कुरा हेरेर वा स्वाद चाखेर थाहा पाउन सकिँदैन।

सामान्य उपचारहरु जसमा सिसा हुन सक्छ

ग्रेटा (Greta) र अजारकोन (Azarcon): यी धुलोहरु ल्याटिनो संस्कृतिमा पेट सम्बन्धी समस्या समाधान गर्न प्रयोग गरिन्छ।

कोहल (Kohl) र सुरमा (Surma): यी धुलोहरु दक्षिण एसियाली र मध्यपूर्वी संस्कृतिहरुमा सौन्दर्य प्रसाधनको रुपमा वा छाला सम्बन्धी संक्रमणको उपचारका लागि नाभिमा प्रयोग गरिन्छ।

पे-लू-आह (Pay-loo-ah): दक्षिणपूर्वी एसियाली संस्कृतिमा बालबालिकामा र्याश (दाग) वा उच्च ज्वरोको उपचारका लागि प्रयोग हुने धुलो हो।

सिसाले तपाईको बच्चालाई हानि पुर्‍याउन सक्छ। धेरै बालबालिका जो सिसाले विषाक्त भएका हुन्छन्, उनीहरु बिरामी जस्तो देखिँदैनन् वा बिरामी जस्तो व्यवहार पनि गर्दैनन्। तपाईको बच्चालाई सिसा विषाक्तता छ कि छैन भन्ने थाहा पाउने एक मात्र तरिका भनेको सिसा जाँचका लागि रगत परीक्षण गराउनु हो। तपाईको बच्चाको डाक्टरसँग सिसा जाँचका लागि रगत परीक्षण गर्न अनुरोध गर्नुहोस्।

थप जानकारीको लागि यहाँ जानुहोस्:
go.cdph.ca.gov/LeadFreeKids

मार्च 2025 • © 2025, क्यालिफोर्निया जनस्वास्थ्य विभाग (California Department of Public Health)

CDPH
California Department of Public Health